"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"
बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं.:

## सङ्घीय शिक्षण सहयोग अनुदानमा शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाबाट पदपूर्तीका लागि पुन: ०७ दिने विज्ञापन तथा सूचना !!!

**(पुन: सूचना प्रकाशित मिति २०८३।०५।२२ गते सोमबार)**

बागचौर नगरपालिकाको स्थानीय शिक्षा ऐन-२०७५ (संशोधन सहित) को परिच्छेद-४ को दफा २२ को उपदफा (२) तथा उपदफा (३), स्थानीय शिक्षा नियमावली २०८०(संशोधन सहित) को परिच्छेद १० को नियम ५६ बमोजिम संघीय शिक्षण सहयोग अनुदान दरबन्दीमा रिक्त रहेका बिभिन्न विद्यालयहरुमा देहायको तह तथा विषयमा सङ्घीय शिक्षण सहयोग अनुदानमा शिक्षक पदपूर्ति गर्न सङ्घीय शिक्षण सहयोग अनुदान छनौट तथा व्यवस्थापन कार्यविधि-२०८२ को परिच्छेद-३ बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा उम्मेदवारहरुको छनोट गर्न मिति २०८३/०४/२६ गते सुचना प्रकाशित गरेकोमा सम्बन्धित पदका लागि तोकिएको योग्यता पुगेका कुनै पनि उम्मेदवारको आवेदन नपरेको हुँदा पुन: ७ (सात) दिने सुचना मार्फत देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले नगरपालिकाको वेबसाइट https://www.bagchaurmun.gov.np बाट दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भरेर यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि पुन: यो विज्ञापन प्रकाशित गरिएको छ।

..........................
पूर्ण बहादुर वली
नि.प्रमुख प्रशासकीय अधिकृत

**१. पदुपूर्ति हुने शिक्षक पदको विज्ञापन नं., पद संख्या, तह, विषय**

| क्र.सं. | विज्ञापन नं. | पद संख्या | तह | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०३।२०८३-०८४ | २ | माध्यमिक | विज्ञान | |

२. **पारिश्रमिक तथा अन्य सुविधा :** पदपूर्ति समितिबाट सिफारिस भई विद्यालयबाट करार सम्झौता भएका शिक्षकलाई सम्बन्धित तह र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरेबमोजिमको पारिश्रमिक तथा अन्य सुविधा नियमानुसार प्रदान गरिनेछ।

३. **काम गर्नु पर्ने विद्यालय:** माथी विज्ञापनमा उल्लेखित विद्यालयमा कार्यालयले खटाए बमोजिम हुनेछ।

४. **परीक्षाको पाठ्यक्रम र किसिम :**
शिक्षक सेवा आयोगले निर्धारण गरेर https://tsc.gov.np मा प्रकाशन गरिएको सम्बन्धित तह र विषयको पाठ्यक्रमका आधारमा देहायको परीक्षा तथा अन्तर्वार्ता हुनेछ।

(क) लिखित परीक्षा (सामान्य परीक्षा: प्रथम पत्र र बिषयगत परीक्षा: दोस्रो पत्र (ख) अन्तर्वार्ता

५. **परीक्षा सञ्चालन विधि:**

(क) पहिलो चरणमा सम्बन्धित तहको सामान्य विषयको वस्तुगत लिखित परीक्षा सञ्चालन हुनेछ।

(ख) सामान्य विषयको लिखित वस्तुगत परीक्षामा सफल भएका उम्मेदवार बीच विषयगत पाठ्यक्रमका आधारमा विषयगत लिखित परीक्षा सञ्चालन हुनेछ। साथै दोस्रो चरणको विषयगत लिखित परीक्षाबाट समेत छनोट भएका उम्मेदवारहरुको अन्तर्वार्ता परीक्षा हुनेछ।

(ग) परीक्षा संचालन सम्बन्धी अन्य बिधि तथा प्रकिया शिक्षक सेवा आयोगको मापदण्ड बमोजिम हुनेछ।

६. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:** पछी सूचना प्रकाशन गरि जानकारी गराइनेछ।

७. **दरखास्त दस्तुर:** देहायको दस्तुर देहायको लिंकमा गइ https://sutrarevenue.fcgo.gov.np (राजश्व शीर्षक न.१४२२४ मा Connect IPS मार्फत जम्मा गर्ने वा नगरपालिकाको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद तथा बैंक भौचर दरखास्त फाराम साथ संलग्न गर्नु पर्नेछ।

(क) मा.वि. तहका लागि : रु. १०००।– (एक हजार मात्र)

८. **दरखास्त दिने अन्तिम मिति, समय र स्थान :**
(क) मिति २०८३ भाद्र २२ गतेदेखि २०८३ भाद्र २८ गते कार्यालय समयभित्र। (नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा)

**क्रमश:**

088-412035 ito.bagchaurmun@gmail.com bagchaurmun.gov.np

९. **उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :**

(क) नेपाली नागरिक।

(ख) २१ वर्ष उमेर पुरा भइ ४० वर्ष उमेर ननाघेको तर यदि कुनै शिक्षक सम्बन्धित तह भन्दा तल्लो तहमा स्थायी नियुक्ति भइ निरन्तर कार्यरत रहेको भए सो शिक्षकको हकमा उमेर हद लाग्ने छैन।

(ग) मगज नबिग्रेको र नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको।

(ङ) भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बरखास्त नभएको।

(च) सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको।

(ज) कुनै पनि राजनितिक दलको सदस्य नरहेको।

१०. **उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरु :**

(क) नगरपालिकाले तयार पारेको दरखास्त फाराममा फोटो सहित तोकिएको सबै विवरण भरेको फारम

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(ग) सम्बन्धित तहका लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

(घ) अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी

(ङ) शिक्षण अनुभव तथा तालिम सम्बन्धी कागजात भए सो को प्रमाणित प्रतिलिपी

(च) बैंक वा राजश्व शाखामा राजश्व जम्मा गरेको भौचर तथा रसिदको सक्कल प्रति

११. **थप जानकारी :**

थप जानकारीका लागि शिक्षा,युवा तथा खेलकुद शाखाको educationsectionbagchaur2073@gmail.com मा मेल वा कार्यालयको फोन न. ०८८-४१२०३५ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

**बोधार्थ :**

श्री सूचना तथा प्रबिधि शाखा : प्रकाशित सूचना र दरखास्त फारम वेवसाइडमा अपलोड गरिदिनु हुन्।

श्री शिक्षा विकास तथा समन्वय इकाई, सल्यान : (जानकारीका लागि अनुरोध सहित इकाईको सुचना पाटीमा टाँस गरिदिनु हुन्)

नि. प्रमुख प्रशासकीय अधिकृत